**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 23.04.2026**

*१. प्रधानमन्त्री मोदीको सिक्किम भ्रमणको तयारी तीव्र, मुख्यमन्त्रीद्वारा स्थलगत निरीक्षण*

आगामी २७ र २८ अप्रिलमा हुने प्रधान मन्त्री श्री नरेन्द्र मोदीको सिक्किम भ्रमणलाई लिएर राज्य सरकारद्वारा व्यापक तयारीलाई तीव्र बनाइएको छ। यो भ्रमण सिक्किमको ५०औँ राज्यत्व वर्षगाँठको समापनसँग मेल खाने भएकाले यसलाई ऐतिहासिक अवसरका रूपमा हेरिएको छ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको प्रत्यक्ष निगरानीमा मन्त्री, विधायक, मुख्य सचिव, प्रहरी महानिरीक्षक, सल्लाहकार, राजनीतिक सचिव तथा विभिन्न विभागका उच्च अधिकारीहरूको सहभागितामा नियमित समीक्षा बैठकहरू सञ्चालन गरिएका छन् । यस क्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गान्तोकस्थित पाल्जोर स्टेडियमको स्थलगत निरीक्षण गरी समग्र व्यवस्थापन र तयारीको समीक्षा गर्नुभयो । यसअघि मुख्यमन्त्रीले लोकभवन, जिरो पोइण्ट तथा रिज पार्कको समेत भ्रमण गरी कार्यक्रमस्थलहरूको अवस्थाबारे जानकारी लिनु भएको थियो ।मुख्यमन्त्री तामाङले कार्यक्रमका सबै पक्षहरू—विशेषगरी सुरक्षा, समन्वय र व्यवस्थापन—उच्चतम मापदण्डअनुसार सुनिश्चित गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । उहाँले सबै तयारी समयमै सम्पन्न गर्न जोड दिँनु हुँदै प्रधानमन्त्रीको भ्रमणलाई सफल र व्यवस्थित बनाउन कुनै कमी हुन नदिन आग्रह गर्नु भयो । पाल्जर स्टेडियममा भइरहेको सांस्कृतिक कार्यक्रमको अभ्यास अवलोकन गर्नु हुने क्रममा मुख्यमन्त्रीले कलाकारहरूलाई प्रधानमन्त्रीसमक्ष प्रस्तुति दिने अवसरलाई गौरवको विषयका रूपमा लिन आग्रह गर्नुभयो। प्रधानमन्त्रीको स्वागतकालागि भव्य रैली आयोजना गरिने जानकारी दिनु हुँदै सर्वसाधारणलाई सक्रिय सहभागिताकालागि आह्वान गर्नुभयो । सिक्किम राज्यत्वको ५० औँ वर्षगाँठको समापनको अवसरमा प्रधानमन्त्रीको उपस्थितिलाई ऐतिहासिक अवसरका रूपमा उल्लेख गर्नु हुँदै मुख्यमन्त्री तामाङले यस भ्रमणले राज्यको पहिचान र प्रतिष्ठालाई थप उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

*२. प्रधानमन्त्रीको भ्रमणका लागि सिक्किममा तीव्र तयारी*

आगामी २७ र २८ अप्रिलमा हुने भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सिक्किम भ्रमणलाई लक्षित गर्दै गान्तोकस्थित पाल्जोर स्टेडियममा अप्रिल २८ मा '1000 Steps for Unity' नामक भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरिने तयारी गरिएको छ। कार्यक्रमको प्रगति सिक्किम सरकारको संस्कृति विभागद्वारा नजिकबाट अनुगमन तथा सुपरिवेक्षण भइरहेको छ। यस कार्यक्रममा राज्यभरिका विभिन्न नृत्य एकेडेमीहरू, स्व–सहायता समूहका महिलाहरू तथा कलाकार समुदायको उत्साहजनक सहभागिता रहने अपेक्षा गरिएको छ।

*३. .प्रधानमन्त्री मोदीद्वारा सिक्किम क्रिकेट मैदानमा इन्डोर क्रिकेट एकेडेमी उद्घाटन गर्ने कार्यक्रम*

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आगामी अप्रिल २८ मा आफ्नो सिक्किम भ्रमणका क्रममा सिक्किम क्रिकेट मैदानमा निर्माण गरिएको इन्डोर क्रिकेट एकेडेमी उद्घाटन गर्ने कार्यक्रम तय भएको छ। कार्यक्रमअघि (बीसीसीआई)-का सचिव श्री देबाजित सैकिया तथा आईपीएल गभर्निङ काउन्सिलका सदस्य श्री मामोम मजुमदारले सो स्थलको निरीक्षण गरेका छन्। निरीक्षणका क्रममा पूर्वाधार विकासको अवस्था समीक्षा गर्दै उद्घाटन कार्यक्रमको तयारीबारे जानकारी लिइएको थियो। उक्त एकेडेमी सञ्चालनमा आएपछि सिक्किममा क्रिकेट पूर्वाधार तथा प्रशिक्षण अवसरमा उल्लेखनीय

वृद्धि हुने अपेक्षा गरिएको छ, जसले राज्यको खेलकुद विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

*४ . सिक्किमका राज्यपालद्वारा राजस्थानको चुरुमा लेफ्टिनेन्ट जनरल सगत सिंहको प्रतिमा अनावरण*

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुर ले राजस्थानको चुरुस्थित लेफ्टिनेन्ट जनरल सगत सिंह स्टेडियममा लेफ्टिनेन्ट जनरल सगत सिंहको प्रतिमा अनावरण गर्नुभएको छ। कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै राज्यपाल माथुरले लेफ्टिनेन्ट जनरल सगत सिंहको वीरता र योगदानको प्रशंसा गर्नुभयो। उहाँले विशेषगरी सन् १९६७ मा नाथुला पासमा भारत–चीनबीच भएको झडपका क्रममा सगत सिंहको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो।उहाँका अनुसार कठिन परिस्थितिमा पनि सगत सिंहले नाथुला पास खाली नगर्ने अडान लिएका कारण उक्त क्षेत्र आज पनि भारतको नियन्त्रणमा रहन सफल भएको हो।

*५. प्रधानमन्त्रीको भ्रमणलाई ध्यानमा राख्दै पर्यटकलाई बिहानै गान्तोक छोड्न आग्रह*

भारतका प्रधानमन्त्रीको आगामी अप्रिल २७–२८ को सिक्किम भ्रमणलाई ध्यानमा राख्दै पर्यटन तथा नागरिक उड्डयन विभागले पर्यटकहरूकालागि सूचना जारी गरेको छ। जारी सूचना अनुसार अप्रिल २८ मा गान्तोकबाट प्रस्थान गर्ने पर्यटकहरूलाई सो दिन बिहान ६ बजेभित्र शहर छोड्न अनुरोध गरिएको छ। विभागले प्रधानमन्त्रीको भ्रमणलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सबै पर्यटकहरूसँग सहयोगको अपिल गरेको छ।

*६.सोरेङ जिल्लामा १५ दिनसम्म एकतर्फी यातायात सञ्चालन*

सोरेङ जिल्लाको दरमदिनस्थित एनडीपी सडक (बक्स कटिङ क्षेत्र) को 18 किलोमिटर- देखि 20 किलोमिटरसम्म ड्रेन निर्माण गर्ने कार्यका कारण 15 दिन एकतर्फी यातायात सञ्चालन गरिनेछ।सिक्किम पुलिसद्वारा बिहीवार जारी आदेशमा यो कुरा जनाइएको छ। निर्माण कार्य सहज बनाउन यो खण्डमा आइतवार बाहेक 23 अप्रेलदेखि 7 मई 2026 सम्म सबै साना–ठूला तथा दुईचक्के सवारीका लागि एकतर्फी यातायात सञ्चालन गरिनेछ। बक्स कटिङतर्फ झर्ने सवारीका लागि थर्पु–टिम्बुरबुङ पीएमजीएसवाई सडक (बोजेक डाइभर्सन) र सोरेङ–सोम्बारिया भएर टिम्बुरबुङ सडक वैकल्पिक मार्ग तोकिएको छ। प्रशासनले सर्वसाधारणसँग सहयोगको अपिल गरेको छ।

*७. पाक्योङमा स्वच्छ माछा प्रशोधनसम्बन्धी तीनदिने तालिम सम्पन्न*

पाक्योङ जिल्लाको नामचेबोङ ग्राम पञ्चायत प्रेक्षा गृहमा स्वच्छ माछा प्रशोधन तथा मूल्य अभिवृद्धिसम्बन्धी तीनदिने आवासीय तालिम कार्यक्रम सञ्चालन गरिएको छ। उक्त कार्यक्रम राष्ट्रिय मत्स्य विकास विभाग गुवाहाटीको उत्तर–पूर्वीय क्षेत्रीय केन्द्रद्वारा, भारत सरकारको मत्स्यपालन विभाग तथा सिक्किम सरकारको मत्स्य विभागसँगको सहकार्यमा आयोजना गरिएको हो। तालिममा २५ जना सहभागीलाई प्राविधिक ज्ञान प्रदान गरिएको थियो भने अन्त्यमा ट्राउट किसानहरूलाई परीक्षण किट तथा आइस बक्स वितरण गरिएको थियो।